कार्यपालिकाबाट पारित भएको मितिः २०७६/१२/२०

# राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि
# २०७६

## गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गोरखा

कार्यपालिकाबाट पारित भएको मिति: २०७६/१२/२०

# राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :** विश्व महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस महा विपत्तिको संक्रमणबाट उत्पन्न खतराप्रति नागरिकहरुलाई सचेत गराउँदै यसबाट उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट हर सम्भव प्रयासहरु भइरहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लकडाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गोरखा नगरपालिका नगरकार्यपालिकाले यो राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गोरखा नगरपालिकाको "राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६" सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले गोरखा नगरपालिका सम्झनुपर्दछ ।

(ग) "नगर कार्यपालिका" भन्नाले गोरखा नगरपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(घ) "प्रमुख" भन्नाले गोरखा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले गोरखा नगरपालिकको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गोरखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(छ) "वडा कार्यालय" भन्नाले गोरखा नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

(ज) "टोल विकास संस्था" भन्नाले गोरखा नगरपालिकाद्वारा वडा मातहत गठन भएका टोल विकास संस्थालाई सम्झनुपर्दछ ।

**३. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य COVID-19 -कोरोना भाइरस) को नियन्त्रणका लागि गोरखा नगरपालिका क्षेत्रभित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ ।

**४. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति :**

(क) नगरपालिका तहमा राहत बितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छ :

| | |
|---|---|
| (१) नगरपालिका प्रमुख | - प्रमुख |
| (२) उपप्रमुख | - सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (४) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | - सदस्य |
| (५) विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | - सदस्य-सचिव |

**५. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रभावित अति विपन्न र अशक्त परिवारको लगत वडा मार्फत संकलन गर्ने,

(ख) परिस्थिति र आवश्यकता अनुसारको राहतको मात्रा (package) तय गर्ने,

(ग) राहत सामाग्री वितरण एवं व्यवस्थापनको जिम्मेवारी तोक्ने,

(घ) राहत सामाग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने,

(ङ) राहत सामाग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने र

(च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने

**६. राहत संकलन तथा वितरण व्यवस्थापन :**

(१) नगर स्तरका राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरणका लागि सम्बन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

**देहाय :**

(क) आफ्नो वडा भित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका र लकडाउनका कारण दैनिक ज्यालादारीमा काम गर्न नपाएकाले दैनिक जीवनयापन गर्न कठिनाइ भएका घरपरिवारको विवरण टोल विकास संस्था मार्फत अनुसूची-१ बमोजिमको निवेदन लिई संकलन गर्ने ।

(ख) टोल विकास संस्था मार्फत प्राप्त विवरणलाई एकिन गरी प्रमाणित गर्ने

(ग) अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत सामूहिक रुपमा आवास व्यवस्था मिलाई खानपिनको व्यवस्था गरेका संघ संस्थाहरु र तिनको हाल उक्त सेवा प्रदान गरिरहेका व्यक्तिहरुको विवरण संघ संस्था मार्फत लिने ।

(घ) सहयोग गर्न चाहने दाताहरुसँग समन्वय गर्ने र उनीहरुले सहयोग गर्न चाहेको नगद वा जिन्सी संकलन गर्ने र सो को परिमाण सहित विवरण राख्ने ।

(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाइ परी सहयोग चाहिने पाँच जना सम्मको परिवारलाई १५ के.जी चामल वा १० के.जी चामल र ५ के.जी आँटा (प्रति व्यक्ति ३ के.जी. पर्ने गरी) १.५ के.जी दाल, १ लिटर खाने तेल र १ के.जी नुनको राहत प्याकेज टोल विकास संस्था मार्फत सम्बन्धित परिवारको घरमै पुर्‍याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाइ गराइ बुझाउने व्यवस्था मिलाउने ।

(च) खण्ड (ग) बमोजिमका असहाय संघसंस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकिन गरी प्रति व्यक्ति ३ के.जी का दरले चामल र प्रति दश जना बराबर ३ के.जी का दरले दाल र प्रति दश जना बरावर २ लि. का दरले खाने तेल उपलब्ध गराउने ।

(छ) वडा तहमा राहत संकलन तथा विवरण कार्यको समन्वय तथा सहजीकरण गर्ने कार्य विपद् व्यवस्थापन ऐन को दफा(६) बमोजिम गठित वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक राखी प्रारम्भ गर्ने । राहत वितरण वडा अध्यक्ष वा नीजले तोकेको वडा सदस्य र सम्बन्धित टोल विकास संस्थाको प्रमुख वा पदाधिकारीको रोहवरमा गर्ने गरी व्यवस्था मिलाउने ।

(ज) राहत वितरणका लागि कम्तीमा एकजना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालने गर्ने ।

(झ) राहत वितरणमा खटिनेले कम्तीमा १ मिटरको social distance सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

(ञ) वितरण प्रणाली पूर्णतः भिडभाड रहित ढंगले व्यवस्थापन गर्ने ।

(ट) खण्ड(घ) बमोजिम संकलित राहत सहयोग (जिन्सी तथा नगद) ले वडामा राहत वितरण गर्दा अपुग भएमा र छिमेकी वडामा बचत भएको भएमा छिमेकी वडासँग समन्वय गरी

अभिलेख राखी सहयोग लिने र आफूसँग बचत भएमा र छिमेकी वडालाई अपुग भएमा अभिलेख राखी छिमेकी वडालाई उपलब्ध गराउने ।

(ठ) सहयोग प्रदान गर्ने दाताहरुको विवरण तथा राहत सहयोग पाउने टोल समेत खुल्ने गरी परिवार वा संघ संस्थाको विवरण वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउने । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ-आफ्नो वडामा सार्वजानिक गर्ने र नगरपालिकाबाट सबै वडाबाट वितरण भएको विवरण सार्वजानिक गर्ने ।

(ड) वडामा संकलित सहयोगले वडामा राहत वितरण गर्न अपुग भएमा प्रमुखसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने ।

**७. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानुन अनुसार हुनेछन् ।**

**८. कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिहरुले झुटा विवरण पेश गरी राहत लिएमा वा कुनै व्यक्तिले दोहोरो राहत लिएको पाइएमा राहतको लागि निवेदन पेश गर्ने, राहत लिने र सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम गोरखा नगरपालिकाले असुल गर्ने छ साथै त्यस्ता व्यक्तिहरुको लागि नगरपालिकाले सेवा सुबिधा रोक्का गर्ने छ ।**

**९. यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।**

**१०. कोरोना भाइरसको महामारी अन्त्य भएपछि यो कार्यविधि स्वतः निष्कृय हुनेछ ।**

कार्यपालिकाबाट पारित भएको मितिः २०७६/१२/२०

अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा(२) को खण्ड (क) बमोजिम )

मिति : २०७६।...।...

श्रीमान् प्रमुख ज्यू,

.................................. टोल विकास संस्था,

गोरखा नगरपालिका, गोरखा ।

सम्भव भएमा फोटो टाँस्ने

विषय : राहत उपलब्ध गराइदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा म, श्री ............................................................ को छोरा/छोरी ......................... यस गोरखा नगरपालिकामा बसोबास गरिरहेको छु । म विगत........ वर्ष देखि.............................. काम गदै आएको छु ।हाल विश्वका विभिन्न देशहरुमा द्रुत गतिमा फैलिरहेको नोभल कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमणवाट वच्न, न्यूनिकरण गर्न र नगरपालिका क्षेत्रभित्र फैलिन नदिन नेपाल सरकार तथा गोरखा नगरपालिकाको निर्णयानुसार लकडाउनको समयमा मेरो दैनिक ज्याला/मजदुरी ठप्प भएको र म लगायत मेरो ................ जना परिवारको दैनिक गुजाराका लागि खर्च जुटाउन मुस्किल परेकोले नियमानुसार राहत उपलब्ध गराइ दिनुहुन अनरोध गर्दछु ।

निवेदक श्री.............................................. ले पेश गरेको निवेदन अनुसारको व्यहोरा सही साँचो हो । उक्त परिवारको दैनिक खानपानका लागि आवश्यक नियमानुसारको राहत सामाग्री उपलब्ध गराइदिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।

हस्ताक्षर :...........................

नाम थर :...........................

पद :...........................

टोल विकास संस्था :................

निवेदक :

नाम थर :...........................

हस्ताक्षर :...........................

वडा नं. :...........................

टोल :...........................

पेशा :...........................

परिचय खुल्ने कागज :...........

सम्पर्क नं. :...........................

कार्यपालिकाबाट पारित भएको मितिः २०७६/१२/२०

अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा(२) को खण्ड (ङ) बमोजिम)

# राहत सामाग्री बुझेको भरपाई

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारको मिति २०७६।१२।११ गते देखि लागू हुने गरी देश भर लकडाउन गर्ने गरी गरेको निर्णयका कारण दैनिक ज्यालादारी गरी परिवारको पालनपोषण गर्ने मैले ज्यालादारीको काम गर्न नपाएकोले मेरो परिवारको पालनपोषणका लागि गोरखा नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडा समितिबाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझिलिई यो भरपाई गरिदिएँ ।

**राहत सामाग्री बुझ्नेको नाम थर :**
**लकडाउन अघि गर्ने गरेको काम :**
**स्थायी ठेगाना :**
**हाल बसोबास गरेको ठेगाना :**
**वडा नं. :**
**टोलको नाम :**

**बुझेको राहत सामाग्रीहरु :**

| | |
|---|---|
| चामल ............ के.जी | आँटा .............. के.जी |
| दाल .............. के.जी | खाने तेल.......... लिटर |
| तुन ................ के.जी | |

**रोहवर :**
**वडा अध्यक्ष वा वडा सदस्य : श्री.........................................**
**टोल विकास समितिका प्रमुख वा सदस्य : श्री.......................**
**राहत सामाग्री बुझ्नेको सहीछाप:**
**मिति :**